# विहादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः- २०८२/०८३
चलानी नं:- ३३०

मितिः २०८२।०७।१४

श्री सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै
विहादी गाउँपालिका पर्वत ।

**विषय: विद्यालयको जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश गर्ने सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा यस विहादी गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण विद्यालयहरुमा जिन्सी सामग्रीहरूको भण्डारण ,व्यवस्थापन, प्रयोग तथा संरक्षणलाई थप सुव्यवस्थित बनाउनका लागि विद्यालय स्तरमा जिन्सी निरीक्षण कार्य आवश्यक रहेकोले सो को लागी सम्बन्धित विद्यालयका प्रधानाध्यपकको संयोजकत्वमा जिन्सी सामग्रीहरूको यथार्थ विवरण सहितको जिन्सी निरीक्षण कार्य सम्पन्न गरि सोको प्रतिवेदन तोकिएको ढाँचामा तयार गरी यहि कार्तिक मसान्त भित्र यस शाखामा पेश गर्नहुन ~~सके~~ अनुरोध छ ।

**(पुनश्च : तोकिएको मितिभित्र प्रतिवेदन पेश नगरेमा त्यसको जिम्मेवार सम्बन्धित प्रधानाध्यापक हुनुपर्नेछ।)**

**मुख्य निर्देशनहरू:**

1. विद्यालयमा रहेका सम्पूर्ण जिन्सी सामग्रीहरूको भौतिक निरीक्षण गरी अद्यावधिक विवरण तयार गर्नुपर्नेछ।जसका लागी
   - **जिन्सी किताब जाँच**(सबै जिन्सी सामग्रीको विवरण)
   - **प्राप्त भएको श्रोत** (स्थानीय तह, प्रदेश सरकार ,संघीय सरकार, विभिन्न संघसस्था, व्यक्तिले दिएको उपहार ,अन्य )
   - **भौतिक निरीक्षण**(फर्निचर,शैक्षिक उपकरण,पुस्तकालय सामग्री,खेलकुद सामग्री,योगशाला सामग्री,अन्य उपकरण/सामग्री)
   - **अवस्था मूल्याङ्कन**(प्रयोगयोग्य,मर्मतयोग्य,प्रयोगविहीन / नष्ट)
   - **सुरक्षा र संरक्षण जाँच**(सुरक्षित स्थानमा राखिएको छ कि छैन,धुलो, क्षति, नमीलेको वा बिग्रिएको अवस्था)
   - **दस्तावेज मिलान**(दर्ता पुस्तिका, खरिद बिल, दाखिला ,लेखाजोखा आदि सामग्रीसँग मिलाएर जाँच)
   - **सिफारिस / सुधार सुझाव**(मर्मत आवश्यक सामग्री,नयाँ खरिद आवश्यक सामग्री,प्रयोगविहीन सामग्री नष्ट वा पुनः उपयोग सिफारिस)
   - **पुस्तकालय** (पुस्तकको अवस्था, सुरक्षित भए नभएको,सामग्री ब्यास्थापन आदी)
   - **अभिलेखमा नभएको जिन्सीको अभिलेख कायम गरि पेश गर्ने**
2. निरीक्षण टोलीमा विद्यालय प्रमुख, शिक्षक प्रतिनिधि, लेखा सहायक र विद्यालय व्यवस्थापन समिति प्रतिनिधिको सहभागिता रहनेछ।
3. प्रतिवेदनमा सबै निरीक्षण सदस्यहरूको हस्ताक्षर अनिवार्य हुनेछ।
4. प्रतिवेदन पेश गर्ने अन्तिम मिति: **२०८२/०७/३०**
5. प्रतिवेंदन पेश गर्ने स्थान: **शिक्षा, युवा तथा खेलकुद शाखा, विहादी गाउँपालिका-पर्वत**

**सहयोगका लागि धन्यवाद।**

..............................
(भिम बहादुर नेपाली)
शिक्षा शाखा प्रमुख

भिम बहादुर नेपाली
शिक्षा अधिकृत (सातौं)